"सुशासन, विकास र समृद्धि, भगवतीमाईको अभिवृद्धि"

गाउँ कार्यपालिकाका अध्यक्ष गणेश बहादुर थापाज्यूले भगवतीमाई गाउँपालिकाको गाउँसभामा प्रस्तुत गर्नु भएको

# भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम

भगवतीमाई गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

''सुशासन, विकास र समृद्धि, भगवतीमाईको अभिवृद्धि''

## गाउँ कार्यपालिकाका अध्यक्ष गणेश बहादुर थापाज्यूले भगवतीमाई गाउँपालिकाको गाउँसभामा प्रस्तुत गर्नु भएको

# भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम

## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख
## कर्णाली प्रदेश, नेपाल

# भगवतीमाई गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनमा प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

प्रदेश सभा सदस्य माननीय पुर्णबहादुर खत्री ज्यू,
जिल्ला समन्वय सदस्य श्री कोकिला कुमारी खड्का ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँसभा सदस्य ज्यूहरु लगायत **भगवतीमाई गाउँपालिका गाउँसभाको १७ औं अधिवेशन (वर्षे) मा यस पहिलो बैठकमा उपस्थित सबै महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।**

यस भगवतीमाई गाउँपालिकाको अध्यक्षको हैसियतले यस जननिर्वाचित गाउँसभाको १७ औं अधिवेशनमा भगवतीमाई गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गर्व महसुस गरेको छु ।

सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि जीवन आहुति दिनुहुने विर सहितदहरुप्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु । नेपालको अग्रगामी परिवर्तन र विकासको लागि विभिन्न कालखण्डमा योगदान गर्नुहुने श्रदय नेता एंव महान व्यक्तित्वहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु । देशको ऐतिहासिक परिवर्तन र रुपान्तरणको लागि त्याग, तपस्या र वलिदानी गर्नुहुने घाइते, अपाङ्ग व्यक्ति, वेपत्ता व्यक्ति र सहिद परिवार योगदानको उच्च कदर गर्दै सम्मान प्रकट गर्न चाहान्छु ।

नेपालको पञ्चायति शासन व्यवस्थाको विरुद्ध संघर्षको क्रममा सहादत प्राप्त गर्नुहुने दैलेख जिल्लाको पहिलो सहिद **मयाराम रेग्मी** लगायत विभिन्न आन्दोलन र सशस्त्र संघर्षमा आफ्नो ज्याद समर्पण गर्नुहुने भगवतीमाई गाउँपालिकाका सहिदहरुप्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु । यस गाउँपालिकाको विकास र समृद्धि यस यात्रामा विभिन्न समयमा योगदान दिई गाउँपालिकालाई यो स्थानसम्म ल्याई पुर्याउने विकासप्रेमी नेता, समाजसेवी, वुद्धिजीवि एंव पेशाकर्मी सबैलाई स्मरण गर्दै सम्मान प्रकट गर्दछु ।

संविधानममा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, दिगो विकास लक्ष्य, राजनीतिक दलका प्रतिवद्धता, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, १६ औं आवधिक योजना, कर्णाली प्रदेश र भगवतीमाई गाउँपालिकाको दोस्रो आवधिक योजना, गत आ.व.को नीति तथा कार्यक्रमको समिक्षा, जनप्रतिनिधि, राजनीतिक दल, विषयगत शाखा र नागरिक समाजबाट प्राप्त राय सुझावहरु समेटि **"सुशासन, विकास र समृद्धि, भगवतीमाईको अभिवृद्धि"** नारालाई आत्मसात गरी आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम देहाय बमोजिम पेश गरेको छु ।

## १. आर्थिक विकास तथा रोजगार नीतिः

### क) कृषि तथा खाद्य नीतिः

१. **"कृषि कार्यमा यान्त्रीकरणको प्रयोग, आधुनिक कृषि प्रणालीमा सहयोग"** भन्ने नाराका साथ कृषि यन्त्र उपकरणहरुमा कृषकहरुलाई सहुलियत प्रदान गरिनेछ ।

२. साना सिंचाई कार्यक्रम अन्तर्गत सिंचाई कुलो र पोखरी निर्माणको तिव्रता दिइनेछ ।

३. माटो सुधार एवम् प्रांगारिक कृषिका लागि प्रांगारिक मलहरु जस्तैः गोठेमल, कम्पोस्ट मल, गड्यौला मल, बोकासी मल, हरियो मलको उत्पादन र प्रयोगमा जोड दिइनेछ भने भकारो सुधार कार्यक्रम लाई प्रोत्साहन गरिनेछ ।

४. कृषि सामग्रीहरु जस्तैः मल, बिउबिजन आदिमा विशेष अनुदान दिइनेछ भने कृषिजन्य उत्पादनको आधारमा कृषक, कृषक समूहरुलाई प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

५. बालीनालीमा लाग्ने रोग कीराहरुको व्यवस्थापनका लागि जैविक तथा वानस्पतिक बिषादीहरुको प्रयोगलाई बढाईनेछ भने रासायनिक विषादीको प्रयोगलाई न्यून गर्दै लगिनेछ ।

६. खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल, मसला, नगदे बाली, जडिबुटी, तथा मौरी व्यवसायको छुट्टा छुट्टै पकेट निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

७. रैथाने बालीहरुको संरक्षण तथा प्रबर्द्धन गरी उत्पादनमा वृद्धि हुने खालका गतिविधिहरु संचालन गरिनेछ भने ती वस्तुहरुको प्याकेजिंग, ब्रान्डिंग गरी बिक्रीको लागि वातावरण सिर्जना गरिनेछ ।

८. "**कृषि शिक्षा तथा प्रसार, आधुनिक र व्यवसायिक खेतीमा विस्तार**" भन्ने मूल नाराका साथ विभिन्न कृषि प्रसारका कार्यहरु जस्तै तरिका प्रदर्शन, नतिजा प्रदर्शन, उत्पादन प्रदर्शन, घुम्ती बाली उपचार शिविर, माटो परिक्षण शिविर, तालिम, समूह परिचालन, किसान कल सेन्टर, सिकाई केन्द्रहरुको स्थापना तथा संचालन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

९. भगवतीमाई गाउँपालिका भित्र रहेका कृषि योग्य बाँझो जग्गाहरुको लगत राखी तिनीहरुको उपयोग गर्नको लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ ।

१०. भगवतीमाई गाउँपालिकामा रहेका कृषक, कृषक समूह, कृषि सहकारी, जग्गाको अवस्था, लगाउने बाली तथा तिनको क्षेत्रफल लगायतका बारेमा अध्ययन गरि तथ्याङ्क संकलन तथा अद्यावधिक गरिनेछ ।

११. कृषि क्षेत्रको व्यवसायीकरण र बजारीकरणका लागि "**उत्पादन साथमा, अनुदान हातमा**" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. कृषि संकलन केन्द्र सहित कृषि हाट बजारको स्थापना गरी कृषि उपजको बजारीकरणमा सहयोग पुर्याईनेछ भने उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई लागु गरिनेछ ।

१३. भगवतीमाई गाउँपालिकामा १५ बर्षे कृषि विकास रणनीति, कृषि तथा पशुपंछी नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४. कृषि व्यवसायमा सीप तथा उद्धमशीलता विकासका लागि सीप विकास तालिमहरु संचालन गरी नमुना उद्धमी तयार गरिनेछ | कृषकहरुलाई नविनतम कृषि प्रविधिहरुको बारेमा क्षमता अभिवृद्धि गरिने छ।

१५. कृषि तथा पशुजन्य व्यवसायलाई उद्योगसंग जोडी साना तथा घरेलु उद्योग स्थापना गरिनेछ |

१६. कृषि कार्यक्रमहरुको कार्यान्वयन र संचालन सरकारी, गैर-सरकारी तथा नीजि संस्थाहरुको सहकार्य तथा समन्वयमा संचालन गरिनेछ |

१७. सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

## ख) पशुपंछी विकास नीतिः

१. बाख्रा, भैंसी, बंगुर, कुखुरा, कालिज तथा माछापालनका लागि उत्पादन वृद्धि र ग्रामीण आर्थिक सशक्तिकरणलाई लक्षित गर्दै विशेषीकृत उत्पादन क्षेत्र (पकेट क्षेत्र) पहिचान गरि त्यस अनुसार छुट्टाछुट्टै कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

२. गाउँपालिकाभित्र कुकुरको संख्यामा नियन्त्रण गरी रेबिज रोगको न्यूनीकरण गर्ने उद्देश्यले कुकुरको बन्ध्याकरण (spaying/neutering), खोप लगाउने कार्यक्रमलाई निरन्तरता दिई स्थानीय तहमै प्रभावकारी **"समुदाय-मैत्री कुकुर व्यवस्थापन कार्यक्रम"** सञ्चालन गरिनेछ ।

३. पशु सेवा आधारभूत प्रयोगशाला सुविधा स्थापना गरी नियमित रुपमा पशु स्वास्थ परीक्षण तथा रोग पहिचान सेवा सञ्चालन गरिनेछ ।

४. पशुपालक कृषकहरुलाई रोग नियन्त्रण र उपचारमा सहज पहुँच सुनिश्चित गर्न आवश्यक पशु औषधीहरु खरिद गरी निःशुल्क वा सहुलियत दरमा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट पशु स्वास्थ्य सुधार र उत्पादन क्षमतामा वृद्धि गरिनेछ ।

५. उत्पादनशिलता अभिवृद्धि, नस्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई मिशनको रुपमा विस्तार गरी गाउँपालिका भरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

६. वडास्तरमा मासिक रुपमा **"घुम्ती पशु सेवा शिविर"** सञ्चालन गरी दुर्गम क्षेत्र, वृद्ध, अशक्त तथा पहुँच विहीन कृषकलाई घरदैलो सेवा प्रदान गरिनेछ ।

७. बाख्रा श्रोत केन्द्रको पुर्नःस्थापना तथा शुद्धीकरण गरी सम्बन्धित शाखा/सेवा केन्द्रबाट रेखदेख गर्ने व्यवस्था मिलाइनेछ।

८. स्थानीय स्तरमै सजिलै उत्पादन गर्न सकिने घाँस, भूँइघाँस, डाले घाँस, नेपिएर घाँस आदिको खेति प्रवर्द्धन गर्न बिउ वितरण, नमूना घाँस खेति प्रदर्शन तथा घाँस संरक्षण तालिम सञ्चालन गरिनेछ।

९. आकस्मिक तथा महामारीजन्य पशु रोगहरु नियन्त्रण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ जसमा कृषि तथा पशु सेवा केन्द्रको समन्वय रहनेछ ।

१०. पशु सेवा प्राविधिकको क्षमता अभिवृद्धिका लागि उन्नत प्रजनन प्रविधि, औषधी प्रयोग, कृत्रिम गर्भाधान, समय व्यवस्थापन जस्ता विषयमा तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ ।

११. कृषकले उत्पादन गरेका पशुपन्छीजन्य वस्तुको ढुवानी सहज होस् भनी दिइएको अनुदानलाई अझ प्रभावकारी बनाउन कार्यविधि निर्माण गरि निरन्तरता दिइनेछ ।

१२. प्रत्येक वडामा पशुपालक कृषक, जनप्रतिनिधि र पशु प्राविधिकबीच मासिक समन्वय बैठक बस्ने अभ्यास विकास गरिनेछ जसबाट रोग, सेवा र बजार समस्या समाधानमा सहयोग पुग्नेछ ।

१३. पशुमा देखिने रोगको प्रारम्भिक पहिचान, प्रकोपको निगरानी, अनुसन्धान तथा नियन्त्रणका लागि नियमित स्वास्थ्य अनुगमन, नमुना संकलन र विश्लेषण गरिनेछ साथै जोखिमयुक्त क्षेत्रहरुमा पूर्वतयारी सहित खोप कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट रोगको फैलावट नियन्त्रण गरी पशुपालन व्यवसायलाई सुरक्षित र दिगो बनाइनेछ ।

## ग) उद्योग, व्यापार तथा रोजगार नीतिः

१. भगवतीमाई गाउँपालिका क्षेत्र भित्र उद्यम गरिरहेका परम्परागत तथा स्थानीय व्यवसायीहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहित गर्ने र नव प्रविधिको विकास र प्रर्वद्धन गरि गाउँपालिकामा खपत हुने वस्तु र सेवाको उत्पादन र बजारीकरण गर्ने नीति अवलम्बन गरिने छ ।

२. भगवतीमाई गाउँपालिका र साझेदार संस्थाहरुले सञ्चालन गर्ने उद्यमशिलता सम्बन्धी तालिमहरु एकीकृत प्रणालीबाट सञ्चालन गरिनेछ ।

३. भगवतीमाई गाउँपालिका भित्र सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्न समुहमा प्रविधि हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
४. जुनसुकै क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई उचित श्रम ज्याला सुनिश्चिता गरिने छ ।
५. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार र श्रम रोजगार बैंक कार्यक्रम मार्फत "**पालिकाको सरोकार, एक घर एक रोजगार**" नीति अवलम्वन गरिने छ ।
६. बेरोजगार यूवाहरुलाई विदेशिनबाट रोक्नको लागि नीजि क्षेत्रसँगको सहकार्य र समन्वय गरि रोजगारिका अवसरहरु सिर्जना गर्न पहल गरिने छ ।
७. गाउँपालिकाले रोजगारीका अवसरहरु निर्धारण गर्दा नेपाल सरकारको लिएको आरक्षण व्यवस्थालाई पालिकाले पनि अवलम्वन गर्ने छ ।
८. भगवतीमाई गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका व्यापार व्यवसायहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरि व्यापार व्यवसायहरुको प्रवर्द्धन गरिनेछ ।
९. परम्परागत घरेलु उद्योगलाई पर्वद्धन गरिने छ ।

## घ) पर्यटन नीतिः

१. यस गाउँपालिकाको पर्यटन पवर्द्धन गरी स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, सम्वर्द्धन र विस्तार गर्ने कार्यलाई प्रथामिकता दिइनेछ ।
२. यस गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि वडा नं. १ र २ को नयाँ मालिका, वडा नं. ३ माई भगवती मन्दिर र ४ को चुलाकोट मालिका, वडा नं. ५ को झुल्ला ढुङ्गा, वडा नं. ६ को बुरुसे मालिका र वडा नं. ७ को शिखरद्धारी क्षेत्रलाई पर्यटकीय स्थलमार्गको रुपमा विकास गरिनेछ।
३. भगवतीमाई गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको विभिन्न माध्यमबाट प्रचार प्रसार गरिनेछ ।

## ङ) भूमी, सहकारी तथा वित्तीय नीतिः

१. यस भगवतीमाई गाउँपालिकाबाट भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुलाई निस्सा वितरण गरि सकिएको हुँदा जग्गा उपलब्ध गराउने कार्यमा तिव्रता दिइनेछ।
२. भगवतीमाई गाउँपालिकाको भू-उपयोग नीति कार्यान्वयनमा ल्याइने छ ।
३. "**समृद्धिको लागि सहकारी अभियान**"लाई सफल बनाउन सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाईनेछ।सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
४. बाँझो जग्गा उपयोग गर्ने कृषक, कृषि समूह, फर्मलाई सहकारी मार्फत प्रोत्साहन गरिनेछ ।

## २. सामाजिक विकास नीतिः

### क) शिक्षा नीतिः

१. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालयमा कार्यरत कर्मचारीहरु विद्यालय मार्फत मासिक तलब भत्ता उपलब्ध गराइनेछ ।

२. प्राथमिक तहदेखि गणित र विज्ञान विषय अंग्रेजी माध्यमबाट शिक्षण गर्ने विद्यालयलाई आवश्यक प्रोत्साहन गरिनेछ ।

३. आवश्यकता र औचित्यका आधारमा बालविकास केन्द्रहरुको पुनः व्यवस्थापन गरिनेछ । बालविकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले न्यूनतम पारिश्रमिक उपलब्ध नगराएसम्म गाउँपालिकाले थप पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. प्रविधिमैत्रि शिक्षा, हामी सबैको ईच्छा विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई गुणस्तरीय शिक्षामा सवैको पहुँच वृद्धि गर्न सवै विद्यालयमा प्रविधिको पहुँच विस्तार गरिनेछ । नविनतम् आधुनिक प्रविधि, शिक्षण विधि तथा परीक्षण प्रणालीद्वारा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ।

५. बालबालिकाहरुको सिकाइ प्रति शिक्षक, समुदाय तथा अभिभावकहरुलाई जिम्मेवार बनाइनेछ । यसका लागि अभिभावक शिक्षा, सहयोग तथा अभिभावक प्रोहत्साहनको कार्य गरिनेछ ।

६. शुन्य दरबन्दी रहेका तथा विद्यार्थीको अनुपातमा कम शिक्षक दरबन्दी रहेका विद्यालयमा शिक्षकको अभाव हुन नदिन शिक्षण अनुदान मार्फत पठनपाठनको व्यवस्था गरिनेछ । विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

७. स्थानीय पाठ्यक्रमलाई समयानुकूल बनाउन आवश्यक परिमार्जन गरिनेछ। स्थानीय विषयको पाठ्यसामग्रीहरु तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

८. स्वस्थ र गुणस्तरीय विद्यालय दिवाखाजाका लागि विद्यालयमा भान्सा तथा भण्डारण कोठा निर्माण गरिनेछ । विद्यालयमा स्वच्छ र स्वस्थ खानेपानीको व्यवस्था गरिनेछ । किशोरी छात्राहरुले महिनावारीको समयमा प्रयोग गर्ने सेनिटरी प्याडको विसर्जनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

९. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको अनुमति, कक्षा थप, समायोजन तथा तह दरबन्दी मिलान गरिनेछ।

१०. शिक्षण र सिकाइमा सुधार ल्याउन शिक्षा स्रोतविज्ञ मार्फत नियमित विद्यालय अनुगमन र सुपरीवेक्षण गरिनेछ । शिक्षा स्रोतविज्ञ, विषयगत शिक्षकद्वारा शिक्षकलाई आवश्यक सहजीकरण गरिनेछ ।

११.  शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति, गाउँ शिक्षा समिति एंव सबै सरोकारवालाहरुको भूमिकालाई सक्रिय बनाइनेछ ।

१२.  माध्यमिक तहको कक्षा (९-१२) मा अध्ययनरत दलित, आर्थिक रुपले विपन्न परिवारका बालबालिका, अपाङ्गता भएका बालबालिका, सहिद एवं वेपत्ता परिवार आन्दोलनका घाइते एवं अपाङ्गता भएका द्वन्द्वपिडित परिवारका सन्ततिलाई शिक्षामा पहुँच वृद्धि गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ । साथै कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीको मासिक शुल्कमा छुटको व्यवस्था गरिने छ ।

१३.  गाउँपालिकाको शिक्षा नीति तथा शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । विद्यालय शिक्षा सम्बन्धी क्रियाकलापहरुलाई नियमन र व्यवस्थापन गर्न कानुन निर्देशिका तथा कार्यविधिहरु तयार गरी विद्यालयलाई सहजीकरण गरिनेछ ।

१४.  सुरक्षित तथा प्रयोगमैत्री विद्यालय भौतिक संरचनाहरु निर्माण गरिनेछ । बालबालिकाहरुको लागि सिकाइयोग्य कक्षाकोठा निर्माण गरिनेछ ।

१५.  सामुदायिक सिकाइ केन्द्र मार्फत आर्थिक तथा सामाजिक रुपान्तरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६.  प्रधानाध्यापक र लेखा कर्मचारी एंव शिक्षकलाई लेखा र जिन्सी व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन र भ्रमण अवलोकन को व्यवस्था गरिने छ ।

१७.  शिक्षा लगानी बढाउन सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय र साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.  एस.ई.ई. नतिजा सुधारको लागि अंग्रजी, गणित र विज्ञान विषयको कम्तिमा २ महिना अतिरिक्त कक्षा संचालन गर्ने व्यवस्था गरिने छ ।

१९.  आधारभूत तह कक्षा ८ र कक्षा ५ को परीक्षालाई पालिकास्तरबाट नै सञ्चालन, नियमन र अनुगमन गरिनेछ ।

२०.  शिक्षक पेशालाई मर्यादित गर्न स्थानीय सरकार मातामातका कार्यालयहरुमा teacher chair को व्यवस्था गरिने छ ।

## ख) जनस्वास्थ्य नीतिः

१. **"स्वस्थताको लहर, सभ्य नागरिक गाउँपालिकाको रहर"** भन्ने मर्मलाई ध्यान दिई गाउँपालिकाका सबै नागरिकहरु शारिरीक, मानसिक, सामाजिक र भावनात्मक रुपमा स्वस्थ रहि उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाइने छ ।

२. पालिकाका विभिन्न स्थानहरुमा समय समयमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

३. स्वास्थ्य सेवालाई सुलभ, कम खर्चिलो र गुणस्तरीय बनाउन स्वास्थ्य नीतिको प्रभावकारी कार्यन्वयन गर्नुका साथै स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी र स्वास्थ्य सामाग्रीहरुको व्यवस्था गरिने छ ।

४. भगवतीमाई आधारभुत अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य सामग्री तथा उपकरणहरु जडान तथा दक्ष जनशक्तिको व्यवस्थापन गरिने छ ।

५. स्वास्थ्य सेवालाई सर्वसुलभ र नागरिकको निशुल्क स्वास्थ्य उपचारको हकलाई सुनिश्चित गर्न पर्याप्त औषधी र जनशक्तिको व्यवस्था गरिनेछ ।

६. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै विपन्न नागरिकहरुको स्वास्थ्य विमा गर्न पहल गरिनेछ ।

७. कुपोषण न्युनिकरण तथा व्यवस्थापनका लागि आधारभुत अस्पताल अन्तर्गत OTC (बहिरंग उपचार केन्द्र) को व्यवस्थापन गरिनेछ ।

८. प्राकृतिक चिकित्सा पद्धतिबाट हुने उपचारका लागि नागरिक आरोग्य सेवा केन्द्रलाई निशुल्क औषधी वितरणका लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरुको व्यवस्थापनलाई निरन्तरता दिइने छ ।

९. महिला स्वास्थ्य स्वयंम सेविकाको मनोवल उच्च राख्न प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. भगवतीमाई गाउँपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरु र खोप तथा गाउँघर क्लिनिकहरुमा भौतिक पूर्वाधारहरुको व्यवस्था पूर्णता दिइने छ ।

११. जिल्ला बाहिर मृतक नागरिकको शव घरसम्म ल्याउन व्यवस्था गरिने छ।

१२. सुत्केरी महिला, जेष्ठ नागरिक, विद्यार्थी र दुर्घटना तथा विपत्तिमा परेका व्यक्तीलाई भगवतीमाई आधारभुत अस्पतालको सिफारिसमा जिल्ला र प्रदेश अस्पतालमा सम्म एम्वुलेन्स सेवामा ५० प्रतिशत छुट प्रदान गरिने छ।

## ग) खानेपानी तथा सरसफाई नीतिः

१. यस भगवतीमाई गाउँपालिकामा **"एक घर एक धारा"** नीति मार्फत स्वच्छ खानेपानी तथा पूर्ण सरसफाई युक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन गर्नका लागि भगवतीमाई गाउँपालिका र सबैका लागि दिगो खानेपानी तथा सरसफाइ परियोजना (सुस्वा) को लागत साझेदारीमा खानेपानी

योजना निर्माण र पुराना आयोजनाहरुको मर्मत सम्भारका साथै बालमैत्री, अपाङ्गमैत्री शौचालय लगायतका संरचना निर्माणमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३. यस पालिकाका सबै वडामा सञ्चालन भएका योजना र सञ्चालन हुने योजनाको खानेपानीलाई स्वच्छ र गुणस्तर कायम गर्नका लागि गाउँपालिकामा खानेपानी ल्याव व्यवस्थित गरिनेछ।

४. खानेपानी आयोजनाको मर्मत सम्भार कार्यलाई निरन्तरता दिन मर्मत सम्भार कार्यकर्ताको व्यवस्था गर्नुको साथै उपभोक्ता समितिलाई आवश्यक आर्थिक सहायताको प्रबन्ध गरिनेछ ।

## घ) संस्कृति प्रवर्द्धन नीतिः

१. परम्परागत लोक कला संस्कृति, जात्रा, मेला पर्वको संरक्षण, सम्वर्द्धन र विकास गर्नको लागि आवश्यक पहल गरिनेछ ।

२. लहरे पैचेरी, मारुनी, देउडा, लोक दोहोरी, ग्ररा नाच र पन्चे वाजा  संरक्षण, सम्वर्द्धन र विकास गर्नको लागि आवश्यक पहल गरिनेछ ।

## ङ) लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीतिः

१. बालमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनका लागि वडा नं. ३ मेहेलतोली र ४ जगनाथलाई लाई बालमैत्री वडा घोषणा गरिनेछ।

२. ६० वर्ष देखि ६८ वर्ष मुनिका एकल तथा विदुर पुरुष (अन्य कुनै प्रकारको सुविधा प्राप्त नगरेको) र ४५ देख ६० वर्ष उमेर समूहका एकल महिलालाई मासिक रु. २०००। दिदै आएको जीवन निर्वाह भत्तालाई निरन्तरता दिइनेछ।

३. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज बनाउनको लागि बैंकसँगको सहकार्यमा वडा कार्यालयबाट भत्ता वितरण गर्ने कार्यलाई निरन्तरदा दिइनेछ।

४. अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी औषधी उपचारका लागि साझेदार संघ संस्थाहरुसँग समन्वय गरी औषधी उपचारको व्यवस्था मिलाईनेछ।

५. बालमैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

६. सामाजिक न्याय, सामाजिक समानता र समता, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट सामाजिक र आर्थिक रुपमा पछाडी परेका वर्ग समुदाय र जातिको उत्थान गर्ने नीति लिइनेछ।

७. अनाथ र असहाय बालबालिकाहरुको लागि पालिकास्तरमा रहेको "बाल उद्धार कोष" को रकमलाई वृद्धि गरी प्रभावकारी रुपमा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एंव लैंगिक तथा यौनिक अल्पसंख्यक साथै अन्तरलिङ्गीको हित संरक्षण र समस्या सम्बोधन गर्न विभिन्न संघसंस्था, प्रदेश सरकार र सङ्घीय सरकार संग समन्वय र सहकार्य गरिनेछ। जेष्ठ नागरिकको सम्मान स्वरुप अवलोकन भ्रमण गराईनेछ ।

९. जातिय विभेद तथा छुवाछुत अन्त्यको लागि कानूनी कक्षा जस्ता जनचेतनामुलक अभियानहरु सञ्चालन गरिनुका साथै लक्षित कार्यक्रमहरुलाई व्यवस्थित वनाइने छ।

१०. बालबिवाहको न्यूनीकरणका साथै बाल श्रममुक्त गाउँपालिका घोषण गर्नको लागि विभिन्न अभियान सञ्चालन गरिने छ ।

११. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विद्यमान कानूनी व्यवस्था, अवसरहरुको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै विभिन्न दिवसीय कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## च) जनसंख्या व्यवस्थापन नीतिः

१. "सानो परिवार सुखी परिवार" को नारालाई अगाडि बढाउँदै जनसंख्या व्यवस्थापनको नीति लिइएको छ ।

२. यस पालिका भित्र बसाइसराई गरि आउनेलाई प्रोत्साहन गरिने छ ।

## छ) युवा तथा खेलकुद नीतिः

१. भगवतीमाई मिनि स्टेडियमको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२. **"एक वडा, एक खेल मैदान"** निर्माणको लागि कर्णाली प्रदेश सरकार र नेपाल सरकारसँग विशेष पहल गरिने छ ।

३. खेलकुद तथा अन्य क्रियाकलापहरु सञ्चालन गरि युवाहरु बीच प्रतिस्पर्धात्मक भावनाको विकास गरिनेछ ।

४. युवाको नेतृत्व विकास, सहभागिता, परिचालन, उत्प्रेणा साथै सीप विकासको लागि आवश्यक कार्यक्रम गाउँ युवा परिषद् मार्फत सञ्चालन गरिनेछ ।

५. युवालाई सरकारी सेवामा आकर्षण बढाउन शिक्षक सेवा आयोग र लोकसेवा आयोग कक्षा सञ्चालन गरिनेछ ।

## ३. भौतिक पूर्वाधार विकास नीतिः

### क) सडक तथा पुल

१. सडकहरुको नियमित मर्मत सम्भारको लागि चालु आ.व. २०८१/०८२ को अषाढ महिना देखि नै मर्मत सम्भार कार्यकर्ताको व्यवस्थापन गरिनेछ ।

२. आगामी आर्थिक वर्षदेखि बैशाख महिनाभन्दा पछाडी सडक खन्ने कार्यलाई निरुत्साहन गरिनेछ । समयमा नै सडक आयोजना सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३. गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको चक्रपथ (रिङ्गरोड) निर्माण कार्यलाई उच्च प्राथमिकता दिदै यसै चक्रपथका जोड्न बाँकी खण्डहरुमा ट्र्याक खोल्ने कार्य निरन्तरता दिइनेछ।

४. नेपाल सरकार, प्रदेश सरकारको र गाउँपालिकाको साझेदारीमा अन्तरपालिका सडक सञ्जाल विस्तार लगायत ग्रामीण सडकहरुको निर्माण तथा स्तरोन्नती कार्यलाई तिव्रता दिइनेछ ।

५. नेपाल सरकारको सहयोगमा तुर्सु खोला बालतडा, बार्ने लामतडा, कोष तिदुघाटमा पक्की पुल निर्माण गर्न पहल गरिनेछ ।

६. ठुला आयोजनाहरुको निर्माण गर्दा प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) अनिवार्य रुपमा तयार गरेर मात्र निर्माण गरिनेछ ।

७. बेस्तडा बजार सडकको स्तरोन्नती र ढल निर्माणको लागि आवश्यक पहल गरिने छ ।

### ख) भवन तथा वस्ती विकास

१. सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी, अपाङ्गतामैत्री र वातावरणमैत्री भवन तथा आवास निर्माण गर्नका लागि वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड, भवनसंहिता र निर्देशिकाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

### ग) ऊर्जा लघु तथा साना जलविद्युत

१. गाउँपालिकाको सम्पूर्ण घरधुरीमा विद्युतीकरणको विस्तार गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल विद्युत प्राधिकरणबाट बजेट व्यवस्थाको लागि पहल गरिनेछ ।

२. आगामी आर्थिक वर्ष देखि यस गाउँपालिकामा ऊर्जाको उपयोग तथा प्रयोग गर्न विद्युतिय चुल्लो र नविकरणिय उर्जा वितरण गरिनेछ ।

३. दलित उज्यालो कार्यक्रम लाई निरन्तरता दिनु का साथै अपाङ्ग, विपन्न तथा गरिव परिवारलाई वत्ति बाल्न विशेष कार्यक्रम ल्याईने छ।

## घ) सिंचाई

१. यस गाउँपालिकाको कृषि उत्पादकत्व बढी भएका खेतीयोग्य जमिनहरु मध्ये सिंचाई सुविधा नपुगेका भूमीमा सिंचाई सुविधा पुर्याउन ठुला सिंचाई आयोजना नेपाल सरकार र कर्णाली प्रदेश सरकारको सहयोगमा सञ्चालन गरिनेछ ।

२. सहज ढङ्गले सिचाई सुविधा नपुग्ने स्थानहरुमा लिफ्टिङ् सिंचाईको माध्यमबाट सिंचाई सुविधा पुर्याउन नेपाल सरकार र प्रदेश सरकारसँग आयोजना माग गरिने छ ।

## ङ) सञ्चार

१. गाउँपालिकाका सबै नागरिकलाई इन्टरनेट सेवाको पहुँच विस्तारको लागि नेपाल टेलिकम र अन्य सेवा प्रदायक निकायसंग आवश्यक पहल गरिनेछ ।

२. भगवतीमाई गाउँपालिका मातहतका सार्वजनिक कार्यालयहरुमा इन्टरनेट सेवाको पहुँचका लागि फाईबर तार विस्तार गरिने छ।

# ४. वातावरण तथा विपद् व्यवस्थापन नीतिः

## क) वन तथा भू संरक्षण नीति

१. वन क्षेत्रको उचित संरक्षण गर्न वृक्षारोपण कार्यक्रमलाई प्रोत्साहन गरिने छ, गाउँपालिका स्तरीय वन महासंघलाई क्रियाशिल गराइने छ ।

२. वनपैदावार जन्य अल्लो, लोक्ता सुनकाउलो लगायतका स्थानीय कच्चा पदार्थ संकलन तथा प्रशोधन कार्यलाई प्रोत्साहन गरिने छ ।

३. भगवतीमाई गाउँपालिकासँग अधिकांस भू-भाग वन क्षेत्रले ढाकेको हुनाले सो क्षेत्रको संरक्षण गरिने छ ।

४. वन पैदावार चोरी निकासी नियन्त्रण चरिचरन बन्द गरी वन संरक्षणमा योगदान पुर्याउनुका साथै सामुदायिक वन उपभोक्ता समितिहरुको कुल आम्दानीको १० प्रतिशत रकम गाउँ पालिकाको आन्तरिक आम्दानीमा जम्मा गर्नु पर्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गरिने छ ।

५. भगवतीमाई गाउँपालिका क्षेत्र भित्रको वनजंगलमा पाइने वन्यजन्तुको संरक्षणको लागि चोरी सिकारी नियन्त्रण, आगलागी डढेलो नियन्त्रण गर्नको लागि अग्नी नियन्त्रण यन्त्र र अन्य विपद् प्रतिकार्य सामाग्रीहरुको व्यवस्थापन गरिने छ ।

६. यस पालिकाबाट जडिबुटी निर्यात गर्दा पालिकाको अनुमती अनिवार्यरुपमा लिनुपर्ने नीति अवलम्बन गरिने छ ।

७. सामुदायिक वन उपभोक्ता समितिले वन कार्ययोजना गाउँ कार्यपालिकाबाट अनुमोदन गराइ लागु गर्ने व्यवस्था गरिने छ ।

८. वन उपभोक्ता समिति लाई तालिम भ्रमण अवलोकन तथा प्रोत्साहन, पुरुस्कार को व्यवस्था गरिने छ।

## ख) जलाधार संरक्षण

१. भगवतीमाई गाउँपालिका क्षेत्रभित्र रहेका धारा, कुवा, पँधेरा आदिको उचित मर्मत सम्भार र संरक्षणका लागि वृक्षारोपण र रिचार्ज पोखरीहरुको निर्माण गरिने छ ।

## ग) जलवायु परिवर्तन

१. भगवतीमाई गाउँपालिकामा सञ्चालित आयोजनालाई जलवायु परिवर्तन अनुकुल योजनाहरु सञ्चालन गर्न विकास निर्माणको क्षेत्रमा काम गर्ने संघ, संस्था र निजि क्षेत्र सँग समन्वय सहकार्य गरी जलवायुमैत्री क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

## घ) विपद् व्यवस्थापनः

१. भगवतीमाई गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
२. विपद्जन्य घटनाहरुबाट पिडितलाई गाउँपालिकाबाट उचित राहतको व्यवस्था गर्नुका साथै नेपाल रेडक्रस सोसाइटी तथा अन्य सरकारी तथा गैरसरकारी संघ,संस्थाहरु सँग समन्वय र सहकार्यमा विपद् व्यवस्थापन तथा न्यनीकरण गरिनेछ ।
३. विपद्को समयमा खोज उद्धार तथा राहतको लागि आवश्यक सामाग्रीको आपत्कालिन भण्डार केन्द्र स्थापना गरि विपद् सामाग्रीको भण्डारण तथा वितरणलाई प्रभावकारी बनाइने छ ।
४. विपद्लाई सहजतापूर्वक सामना गर्न गाउँपालिकाभित्र रहेका सार्वजनिक खुल्ला मैदान र सार्जवनिक भवनहरुको प्रयोग गरी यसको पूर्वतयारी प्रतिकार्य राहात र पुर्नस्थापना कार्यक्रमलाई सुरक्षित र व्यवस्थित तवरले सञ्चालन गरिने छ ।
५. भगवतीमाई गाउँपालिकाको बहुप्रकोप जोखिम आङ्कलन तथा नक्साङ्कन गरि बढी पहिरो भूक्षेको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकार र प्रदेश सरकार सँग पहल गरिने छ ।
६. विपतमा परेका घर पिवार तथा व्यक्ती लाई विपत सम्बन्धि कार्यविधि अनुरुप यथाशिघ्र राहत उपलब्ध गरिने छ।

## ङ) फोहोरमैला व्यवस्थापन नीतिः

१. गाउँपालिकाका मुख्य बजार बेस्तडा, हुलाकटाकुरा, खोप र सान्तडा क्षेत्रको ठोस फोहोरमैला वर्गीकरण गरी फोहोरमैला संकलन तथा व्यवस्थापन केन्द्र विसर्जन गरिनेछ ।

२. फोहोरलाई मोहरमा परिणत गर्न सड्ने तथा गल्ने फोहोरलाई प्रत्येक घरमा खाडल बनाई कम्पोष्ट मल बनाई उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

## ७. संस्थागत विकास र सुशासन नीतिः

भगवतीमाई गाउँपालिकाको **"गुणस्तरीय सेवा र सुशासन, सामाजिक न्याय र जनमुखी प्रशासन"** भन्ने नारालाई आत्मसाथ गर्दै यस भगवतीमाई गाउँपलिकाको कार्यालय र अन्तर्गत कार्यालयहरु बाट हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउनको लागि देहाय अनुसारको निति अवलम्वन गरिने छ।

**क. नीति, कानून, न्याय तथा सुशासन**

१. गुस्तरीय सेवा प्रवाहको माध्यमबाट सामाजिक न्याय कायम गरि प्रशासकीय क्रियाकलापहरुलाई जनमुखी बनाउनको लागि आवश्यक ऐन कानूनहरुको निर्माण तथा विद्यमान ऐन, कानून र कार्यविधिहरुलाई आवश्यकता अनुसार परिमार्जन र संशोधन गरि व्यवहारिक वनाईने छ।

२. न्यायिक कार्यसम्पादनलाई प्रभावकारी र छिटो छरितो बनाई नागरिकमा न्यायिक सेवाको प्रत्याभूत गरिनेछ ।

३. मेलमिलाप केन्द्रहरु गठन गरी न्यायिक कार्यसम्पादनमा शिघ्रता ल्याइनेछ ।

**ख. संगठनात्मक विकास, मानव संशाधन तथा सेवा प्रवाह**

१. सार्वजनिक सेवा लाई सहज र प्रभावकारी वनाउनको लागि स्वास्थ्य संस्था र वडा कार्यालय हरुको भवन निर्माण कार्यलाई पुर्णाता दिइनेछ । सो को लागि कट्टी स्वास्थ्य चौकी र १ नं. र ६ नं. वडा कार्यालय भवन निर्माण कार्य सुरु गरिनेछ । निर्माणाधिन भगवतीमाई आधारभुत अस्पताल भवनको निर्माण कार्य समयमै सम्पन्न गरिनेछ ।

२. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र विश्वासयोग्य बनाई जनअपेक्षा सम्बोधन गर्न सक्षम, प्रविधिमैत्री, जनउतरदायी सुशासनको प्रत्याभुत हुने गरि दक्ष जनशक्ति परिचालन गरिने छ।

३. भौगोलिक विकताका कारण वडा कार्यालयबाट सेवा सुविधा लिन अपायक पर्ने नागरिकलाई सहजताका लागि सेवा केन्द्र स्थापना गरि सेवा प्रदान गरिने छ। गाउँपालिकामा उपलब्ध जनशक्तिलाई योग्यता, दक्षता र सेवा प्रकृतिको आधारमा उपर्युक्त व्यक्तिलाई उपर्युक्त जिम्मेवारी (Right Man, Right Place) तोकिने छ ।

४. जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास र दक्षता अभिवृद्धिको लागि आवश्यक तालिम, अवलोकन भ्रमण तथा ज्ञान व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. स्थानीय सेवामा कार्यरत कर्मचारीहरुले गरेको उत्कृष्ट कार्यसम्पादन र नजिताको आधारमा स्थानीय सेवा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ । लामो समयदेखि

अस्थायी, करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

६. सार्वजनिक कार्यालयमा दोहोरो जिम्मेवारी र भूमिका रहेका कर्मचारीलाई कुनै एक सेवा मात्र रोज्न लगाई दोहोरोपनालाई हटाइनेछ ।

### ग. राजस्व र स्रोत परिचालन

१. संस्थागत विकास र सुशासनको लागि साधन श्रोतको समुचित परिचालन गरिनुका साथै अन्य विकास साझेदारहरुसंगको समन्वय र सहकार्यलाई निरन्तरता दिईने छ।

२. आन्तरिक आयलाई वृद्धि गर्न करको दायरा वृद्धि गरिनेछ । स्थानीय राजस्व प्रणालीमा रहेको Tax Payer Portal मार्फत घरबाट नै राजस्व र कर तिर्ने व्यवस्था मिलाइनेछ ।

३. गाउँपालिकामा बेरुजु न्यूनीकरण अभियानलाई तिव्रता दिइनेछ । सो को लागि बेरुजु फछ्र्यौटको लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।

४. फजुल चालु खर्च नियन्त्रण गरी पूँजीगत खर्चको सीमालाई बढाईनेछ ।

### घ. तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन

१. स्थानीय सरकारबाट प्रदान गरिने सेवा तथा सुविधाहरु हाम्रै लागि हो भन्ने भावना जगाई लगानीको उचित र दीर्घकालीन प्रतिफल प्राप्तिको लागि सबै प्रकारका योजना आयोजनाहरुको उचित व्यवस्थापन र मर्मत सम्भार जनस्तरबाटै गरिने वातावरण श्रृजना गरिने छ।

२. गाउँपालिकाका सामाजिक, आर्थिक र पूर्वाधार विकास लगायत सबै क्रियाकलापहरुमा टोल विकास संस्थालाई परिचालन गरिनेछ ।

३. सार्वजनिक जग्गाको अभिलेखीकरण तथा संरक्षण गरिनेछ ।

४. स्थानीय तहको Profile Digitization गरि स्थानीय तथ्याङ्क अद्यावधिक गरिनेछ ।

### ङ. समन्वय र सहकार्य

१. संघ र प्रदेशसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाउन आवश्यक नीति र कानून तर्जुमा गरिनेछ ।

२. यस गाउँपालिकासँग सीमान जोडिएका छिमेकी स्थानीय तह र अन्य स्थानीय तहसँग रहेका साझा सरोकार विषय पहिचान गरी समन्वय र सहकार्य मार्फत सहलगानीको वातावरण बनाई कार्य सञ्चालन गरिनेछ ।

३. साझा हित र सरोकारका विषयमा आवश्यक सहजीकरणको लागि संयुक्त समिति गठन गरिनेछ । साथै साझा रुपमा सञ्चालन गर्नुपर्ने आवश्यक कार्यक्रम र आयोजनाको लागि आवश्यक स्रोत साधनको व्यवस्था मिलाईनेछ ।

**अन्त्यमाः**

भगवतीमाई गाउँपालिकासँग सीमित स्रोत साधन र उच्च जनआकाङ्क्षासँग जुध्दै विगतको ऐतिहासिक, राजनीतिक, समुन्नत विरासतलाई इतिहास, वर्तमान र भविष्यसँग जोड्दै समृद्धितर्फ लैजाने, विकासप्रतिको जनअपेक्षालाई मूर्तरुप दिने, स्थानीय सरकार र स्थानीयबासीबीचको सम्बन्धलाई सुमधुर बनाउने, स्थानीयवासीको अभूतपूर्व एकता र सहयोगी भावना विकास गर्ने, कृषिमा व्यवसायीकरण गरी आर्थिक विकासमा टेवा पुर्याउने, सामाजिक न्यायपूर्ण समाज निर्माण गर्ने सन्दर्भमा हाम्रा प्रयत्न अविचलित छन् । यस अवसरलाई सदुपयोग गर्दै सम्पुर्ण गाउँपालिकावासीलाई स्वच्छ, निष्पक्ष, न्यायपुर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गर्दै राजनीतिक रुपमा तटस्थ र प्रशासनिक रुपमा प्रतिवद्ध कर्मचारीतन्त्रको विकास गरिनेछ । यस गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने जनप्रतिनिधि तथा कर्मचारीप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दै नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउनको लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदार, राजनीतिक दल, समाजसेवी, बुद्धिजीवि, जनप्रतिनिधि, कर्मचारी एंव आम नागरिकमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद !**

मितिः २०८२ साल जेठ २३ गते

मुद्रकः सूचना प्रविधि शाखा, भगवतीमाई गाउँपालिका, दैलेख ।